यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक संख्या ०९/२०८१-०८२ मिति २०८१/१२/२२ गते बसेको बैठकका निर्णयहरू सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३५ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ को नियम २४ बमोजिम सार्वजनिक गरिएको छ ।

## संवत् २०८१ साल चैत्र २२ गतेको गाउँ कार्यपालिका बैठकका निर्णयहरुको संक्षिप्त विवरण:

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रशासन शाखा | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा अपिहिमाल गाउँपालिकाको प्रशासनिक कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम अपिहिमाल गाउँपालिकाको कर तथा गैर कर राजस्व संकलन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने र सोको कार्यान्वयन गर्ने। |
| २. | | गाउँपालिकाको अपिडाइभरसिटी पार्क भवनमा रहेको संग्राहालयमा वडागत रुपमा पुराना संस्कृति तथा रितिरिवाज झल्किने सामग्री निःशुल्क रुपमा संकलन गर्ने र सोको जिम्मेवारी सबै वडा अध्यक्षहरुलाई दिने । |
| ३. | | यस गाउँपालिकाको वडा नं.३ को क्षेत्ति स्थित रहेको क्षेत्ति विक्री केन्द्रमा चामल मौज्दात नरहेको र जनस्तरबाट चामलको माग भई आएकाले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड,शाखा कार्यालयसँग चामल माग गर्ने । |
| ४. | योजना/पूर्वाधार शाखा | सुदूरपश्चिम प्रदेश,प्रदेश नीति तथा योजना आयोग धनगढी, कैलालीको मिति २०८१/१२/११ गते प्रकाशित स्थानीय तहमा आर्थिक वर्ष २०८२/०८३ मा प्रदेश समपूरक अनुदान तथा विशेष अनुदान अन्तरगत संचालन गरिने आयोजना/कार्यक्रम माग गर्ने। |
| ५. | | यस गाउँपालिकाको आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, नागरिकको जीवनस्तर आम्दानी र रोजगार बढ्ने तथा स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने आयोजना तथा कार्यक्रम आगामी आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयन गर्ने गरी संघीय तथा प्रदेश सरकारका सम्बन्धित निकायसँग माग गर्ने । |
| ६. | वास इकाई | नेपाल सरकार र फिनल्याण्ड सरकारको संयुक्त वित्तीय लगानी तथा यूरोपियन युनियनको सह-आर्थिक अनुदानमा चालु आर्थिक वर्ष २०८१/०८२ देखि यस गाउँपालिकामा कार्यान्वयनमा आएको जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजना (LACC) व्यवस्थापन गर्न गाउँपालिका अध्यक्ष ज्यूको अध्यक्षतामा समिति गठन गर्ने। |
| ७. | आर्थिक प्रशासन शाखा | यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को दोस्रो चौमासिक (मंसिर देखि फागुन महिना सम्म) को स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७६ को उपदफा (३) बमोजिम आय र व्ययको विवरण स्वीकृत गर्ने। |
| ८. | | कार्य सम्पन्न भई कार्यालयबाट दिईएको भुक्तानी सहमती र अनुमोदन गर्ने । |
| ९. | | यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ का लागि विनियोजित बार्षिक बजेट तथा कार्यक्रम अन्तरगतका आयोजना तथा कार्यक्रम कार्यालयबाट कार्यान्वियन गरी सम्पन्न भएका योजना |

प्रवक्ता
अपिहिमाल गाउँ कार्यपालि

| | | |
|---|---|---|
| | | तथा कार्यक्रमहरुको निकासा तथा भुक्तानी स्वीकृति दिने । |
| १०. | | जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकूद प्रतियोगिता अपुग भएको रकम निकासा तथा भुक्तानी दिन स्वीकृति दिने । |
| ११. | | यस गाउँ कार्यपालिकाको कार्यालयको नवनिर्मित प्रशासकीय भवनको सभाहलमा मञ्चको निर्माण, छतमा जाने भऱ्याङको निर्माण र कार्यालयमा रहेको जेनेरेटर मर्मत कार्य वापतको रकम भुक्तानी दिने। |
| १२. | | यस गाउँपालिकाको वडा नं.४ स्थित रहेको श्री खण्डेश्वरी माध्यमिक विद्यालयमा स्वयंसेवक शिक्षकका रुपमा कार्य गरेका अष्ट्रियाका नागरिक र जर्मनका नागरिक, रंगिचंगि ग्रुपका स्वयंसेवक र विद्यालयमा गणित विषयको अध्यापन गराउनका लागि व्यवस्थापन गरिएको शिक्षकको पारिश्रमिक भुक्तानी दिने। |
| १३. | | गाउँपालिका राष्ट्रिय महासंघ नेपालको सदस्यता शुल्क वापतको रकम गाउँपालिका महासंघको विधान, २०७४ (संशोधन सहित) को व्यवस्था अनुरुप भुक्तानी दिने। |
| १४. | | उद्योग वाणिज्य संघ दार्चुलाले महाकाली नगरपालिका वडा नं.४ मा मिति २०८१/१२/१५ गते देखि २५ गते सम्म संचालन हुने सुदूरपश्चिम पर्यटन व्यापार मेला तथा दार्चुला महोत्सव, २०८१ को व्यवस्थापन गर्न आर्थिक सहयोग दिने। |
| १५. | | जिल्ला समन्वय समिति दार्चुलालाई हल व्यवस्थापनका लागि नगद रकम सहयोग गर्ने। |
| १६. | | यस गाउँपालिकाको वडा नं.३ स्थित घाजिरको पटखेलामा बाटो तथा फिल्ड निर्माण गर्न स्थानीय जनस्तरबाट माग भइ आएकाले निर्माण गरिएकाले सो निर्माणमा खर्च वापतको रकम भुक्तानी दिने। |

रबिन्द्र सिंह बोहरा
प्रवक्ता
अपिहिमाल गाउँ कार्यपालिका

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश नेपाल

CamScanner